# 2025 मे विशेष निर्वाचन

# Multnomah काउन्टी मतदाताहरूका पर्चा-नेपालीमा

**तपाईको मतपत्र फिर्ता गर्ने दुईवटा तरिका**

निर्वाचनको दिन वा अघि पोस्टमार्क गरिएको हुलाक-भुक्तानी फिर्ता खाम प्रयोग गरेर मेलमार्फत आफ्नो मतपत्र दिनुहोस्; वा निर्वाचनको दिन मे 20, 2025 मा बेलुका 8:00 बजेभन्दा अगाडी आफ्नो मतपत्र आधिकारिक मतपत्र सङ्कलन स्थानहरूमा फिर्ता गर्नुहोस्।

# Multnomah काउन्टी मतदाताकर्ताहरूको पर्चा

# मे 20, 2025
# विशेष जिल्ला निर्वाचन

# बहुभाषिक मतदान
# जानकारी भित्र छ

**मङ्गलबार, अप्रिल 29, 2025** सम्म मतदान गर्न दर्ता गर्नुहोस्। आवश्यक भएमा, आफ्नो मतदाता दर्तासम्बन्धी जानकारी अपडेट गर्नुहोस् वा मतदान गर्न OregonVotes.gov/MyVote मा दर्ता गर्नुहोस्।

**यस चुनावमा पुस्तकालय निर्माण बन्द हुँदा आधिकारिक मतपत्र सङ्कलन स्थानहरू प्रभावित भएका छन्।**

**यसभित्र तपाईले आधिकारिक मतपत्र खसाल्ने स्थान परिवर्तनहरूका बारेमा थप जानकारी पाउनु हुनेछ।**

**Multnomah काउन्टी Duniway-Lovejoy (Multnomah County Duniway-Lovejoy) निर्वाचन भवन (Elections Building)**
1040 SE Morrison Street
Portland, OR 97214

**मतदान केन्द्र एक्सप्रेस (Voting Center Express)**
(Multnomah काउन्टी पूर्वी भवनभित्र) (Multnomah County East Building)
600 NE 8th Street, Gresham, OR 97030
अप्रिल 28 देखि - मे 20, 2025 सम्म

**#MultnomahVotes**

@MultCoElections

फोन: 503-988-VOTE | 800-735-2900 TTY

**आदरणीय Multnomah काउन्टी मतदाताः** यो तपाईको मे 20, 2025 विशेष जिल्ला चुनावका लागि मतदाताको पर्चा हो। यो पर्चा Multnomah काउन्टीका सबै आवासीय घरपरिवारलाई पठाइएको छ र यसमा काउन्टीको सीमाभित्रका स्थानीय विशेष जिल्लाहरूबाट उम्मेदवार र उपायहरूका जानकारी समावेश गरिएका छन्। स्थानीय निर्वाचनहरू महत्वपूर्ण हुन्छन्। यस निर्वाचनमा आफ्नो मत गनियोस भनेर सुनिश्चित गर्न निम्न जानकारीलाई ध्यानमा राख्नुहोस्।

- दर्ता गर्ने अन्तिम मिति **मङ्गलवार, अप्रिल 29, 2025** हो। तपाईले आवश्यक भएमा www.OregonVotes.gov/MyVote मा आफ्नो दर्ता स्थिति हेर्न र अपडेट गर्न सक्नुहुन्छ।
- शहरी बाढी सुरक्षा र पानी गुणस्तर जिल्ला: यस जिल्लामा सञ्चालकको यो पहिलो नियमित निर्वाचन हो। स्तब्ध भएका सर्तहरू लागू गर्न, मे महिनामा निर्वाचित निर्देशकहरूले चुनावपछि चिट्ठा तानी यहि निर्णय गर्नेछन् कि मे 2027 मा कुन दुई पदहरू र मे 2029 मा कुन तीन पदहरू मतपत्रमा हुनेछन्।
- **यस निर्वाचनमा पुस्तकालय निर्माण बन्द हुँदा आधिकारिक छ वटा सङ्कलन स्थानहरू प्रभावित भएका छन्। यसमा निम्न ठाउँहरू समावेश छन्: Albina, Belmont, Kenton, Rockwood, St. John's, तथा Woodstock पुस्तकालयहरू.** तपाई यी पुस्तकालय स्थानहरू मध्ये कुनै एकमा बारम्बार जानुहुन्छ भने, हाम्रो नयाँ आधिकारिक मतपेटिका स्थानहरूमा तपाईको मतपत्र कसरी फिर्ता गर्ने भन्ने बारे थप विवरणहरूका लागि कृपया हाम्रो आधिकारिक मतपत्र सङ्कलन गर्ने स्थान परिवर्तनसम्बन्धी जानकारी पृष्ठ हेर्नुहोस्। कृपया तपाईलाई आफ्नो मतदान गर्न सहायता चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्।
- **Multnomah काउन्टीमा आधिकारिक मतपत्र सङ्कलन स्थानहरूको सूचीका लागि, कृपया हाम्रो वेबसाइटमा जानुहोस्: www.MultCo.us/DropSites**

मतपत्रहरूलाई दर्ता गरिएका मतदाताहरूलाई बुधवार, अप्रिल 30, 2025 मा मेल गरिने छ। तपाईले बिहीवार, मे 8, 2025 सम्म आफ्नो मतपत्र प्राप्त गर्नुभएन भने, कृपया 503-988-VOTE (8683) मा कल गर्नुहोस् वा elections@multco.us मा इमेल गर्नुहोस्।

गणना गर्न, मतदान गरिएका मतपत्रहरू **Oregon का कुनै पनि काउन्टी निर्वाचन कार्यालय** वा **आधिकारिक मतपत्र सङ्कलन गर्ने स्थानमा बेलुका 8:00 बजे, मङ्गलवार, मे 20, 2025 सम्म** वा **मङ्गलवार मे 20, 2025 सम्ममा पोस्टमार्क गरिएको** हुनुपर्छ।

थप रूपमा, चुनाव अघि हामी मतदाताहरूलाई *Let's Make a Plan to VOTE* भनी आग्रह गरिरहेका छौं*!* चुनावको लागि तयार हुन र आफ्नो मत गणना भएको सुनिश्चित गर्न यहाँ के गर्न सक्नुहुन्छ:

1. **मतदानका लागि दर्ता गर्नुहोस्** आफ्नो मतदाता दर्तासम्बन्धी जानकारी अपडेट गर्नुहोस् वा मतदान गर्न OregonVotes.gov/MyVote मा दर्ता गर्नुहोस्। मतदाता दर्ताको अन्तिम मिति अप्रिल 29 हो। Track Your Ballot मा साइन अप गर्नुहोस् Multco.us/TrackYourBallot.
2. **आफ्नो मतपत्र लिनुहोस्।** तपाईंले अप्रिल 30 देखि सुरु हुने मेलमा आफ्नो मतपत्र प्राप्त गर्नुहुनेछ। यदि तपाईंले मे 8 सम्म आफ्नो मतपत्र प्राप्त गर्नुभएको छैन भने, कारबाही गर्नुहोस् र निर्वाचन कार्यालयमा सम्पर्क गर्नुहोस्।
3. **आफ्नो मतपत्रमा मतदान गर्नुहोस्** आफ्नो मतपत्र फिर्ताको खाममा हस्ताक्षर गर्न नबिर्सनुहोस्। तपाईंको हस्ताक्षर तपाईंको पहिचान हो। यदि तपाईंले हस्ताक्षर गर्न बिर्सनुभयो वा तपाईंको हस्ताक्षर मेल खाएन भने हामी तपाईंलाई सम्पर्क गर्नेछौं ताकि तपाईंले कारबाही गर्न सक्नुहुन्छ र हामी तपाईंको मत गणना गर्न सक्छौं।
4. **आफ्नो मतपत्र फिर्ता गर्नुहोस्** तपाईंको मतपत्र फिर्ता गर्ने दुई तरिकाहरू - **1) हुलाकद्वारा फिर्ता गर्नुहोस्**, तपाईंको मतपत्र खाम मंगलबार, मे 20 सम्ममा पोष्टमार्क गरिएको हुनुपर्छ र गणना गर्न सात दिन भित्र प्राप्त गर्नुपर्छ। **2) आधिकारिक ड्रप साइट,** भोट गरिएको मतपत्रहरू Oregon को कुनै पनि काउन्टी चुनाव कार्यालय वा आधिकारिक ड्रप साइट स्थानमा 8:00 बजे, मंगलबार, मे 20 सम्ममा प्राप्त गरिसक्नु पर्छ।
5. **आवाज राख्नुहोस् र फरक पार्नुहोस्।** अनौपचारिक निर्वाचन परिणामहरू MultnomahVotes.gov मा मे 20 बेलुका 8 बजे पछि पोस्ट गरिनेछ। अन्तिम आधिकारिक निर्वाचन परिणामहरू जुन 16, 2025 सम्म प्रमाणित हुन्छन्।

तपाईसँग कुनै प्रश्न छन् भने, तपाई हाम्रो कार्यालयलाई 503-988-VOTE (8683) मा सम्पर्क गर्न सक्नुहुन्छ।

भवदीय,

Tim Scott,
Multnomah काउन्टी निर्वाचन निर्देशक

**कृपया निम्न कुरामा ध्यानमा दिनुहोस्: Multnomah काउन्टी निर्वाचन (Multnomah County Elections) ले पेश गरिएअनुसार जानकारी प्रिन्ट गर्छ। हामीले हिज्जे, विराम चिह्न, व्याकरण, वाक्य विन्यास, त्रुटि वा गलत जानकारी सच्याउदैनौं।**

# मतदान र चुनावबारे जान्नु पर्ने तथ्यहरू

## Oregon मा मतदान गर्न कसले दर्ता गर्न सक्नुहुन्छ?

- तपाई संयुक्त राज्य अमेरिकाको नागरिक हुनुपर्छ,
- Oregon निवासी हुनुपर्छ,
- र कम्तीमा 16 वर्ष उमेरको हुनुपर्छ। तपाई कम्तीमा 18 वर्ष उमेरको भएपछि तपाईले पहिलो मतपत्र मेलमा प्राप्त गर्नु हुने छ।

**तपाईले निर्वाचनको दिनको कम्तीमा 21 दिनअघि मतदान गर्न दर्ता गर्नुपर्छ।**

## मैले मतदान गर्न कसरी दर्ता गर्न सक्छु?

- Oregonvotes.gov/register मा अनलाइन वा
- कागजमा Oregon मतदाता दर्ता कार्ड निर्वाचन कार्यालय, DMV, सार्वजनिक पुस्तकालय वा हुलाक कार्यालयमा उठाउन सकिने छ।

## मेलमार्फत मतदानले कसरी काम गर्छ?

Oregon का सबै निर्वाचन काउन्टी निर्वाचन कार्यालयद्वारा सञ्चालन गरिन्छ। निर्वाचन कार्यालयले मतदानकर्तालाई प्रत्यक्ष रूपमा मतपत्र पठाउँछ। मतदानकर्ताहरूले आफ्ना मतपत्रहरू पूरा गर्नुहुन्छ र त्यसपछि तिनीहरूलाई मेलमा वा आधिकारिक मतपत्र सङ्कलन बाकसमा राखेर काउन्टी निर्वाचन कार्यालयमा फर्काउनुहुन्छ।

**केही निम्न सरल चरणहरूमा मेलमार्फत मतदान गर्नुहोस्:**

1) मतदान गर्न दर्ता गर्नुहोस्
2) मतदानकर्ता सूचना कार्ड प्राप्त गर्नुहोस्
3) मतदानकर्ता पर्चा प्राप्त गर्नुहोस्
4) आफ्नो मतपत्र प्राप्त गर्नुहोस्
5) आफ्नो मतपत्रमा मतदान गर्नुहोस्
6) आफ्नो मतपत्र फिर्ता गर्नुहोस्

## मैले आफ्नो मतपत्रमा कसरी मतदान गर्ने?

उम्मेद्वार फेला पार्नुहोस् वा तपाईको छनोटको प्रतिक्रिया ("YES वा NO" (हो वा होइन) मापन गर्नुहोस्। निलो वा कालो मसीले आफ्नो रोजाइको बायाँतिरको अण्डाकारलाई पूर्ण रूपमा अँध्यारो पार्नुहोस्। फेल्ट टिप मार्करहरू प्रयोग नगर्नुहोस्।

## लेखिएका मतहरू

मतपत्रमा नदेखिने उम्मेद्वारलाई मतदान गर्नका लागि, कार्यालयका लागि प्रदान गरिएको लाइनको बायाँतिर अण्डाकारलाई पूर्ण रूपमा कालो पार्नुहोस् र उक्त लाइनमा उम्मेदवारको पूरा नाम लेख्नुहोस्।

- तपाईंले प्रत्येक प्रतियोगिताका लागि आफ्नो छनोट सही रूपमा चिन्ह लगाउनुभएको छ भनेर सुनिश्चित गर्नुहोस्।
- तपाईको आधिकारिक मतपत्रमा दुवै पक्षमा प्रतिस्पर्धा छापिएको हुन सक्छ।
- मतपत्र फिर्ताको पहिचान गर्ने खाममा राख्नुहोस्।
- फिर्ता खाममा मतदाताको बयान पढ्नुहोस् र हस्ताक्षर बाकसमा हस्ताक्षर गर्नुहोस्।

- **तपाईंले फिर्ता खाममा हस्ताक्षर गर्नुभएन भने तपाईको मत गणना गर्न सकिँदैन।**

- प्रत्येक हस्ताक्षर फाइलमा दर्ता हस्ताक्षर विरुद्ध जाँच गरिन्छ। मतपत्र गणनाका लागि हस्ताक्षरहरू मिल्नुपर्छ।

तपाईले कार्यालयका लागि अनुमति दिएकोभन्दा बढी उम्मेद्वारहरूलाई मतदान दिनुभएमा वा तपाईले **कुनै उपायमा "Yes" (हो) र "No" (होइन)** दुवै मापनमा मतदान गर्नुभएमा, यसलाई ओभरभोट भनिन्छ र तपाईको मतदान त्यो प्रतिस्पर्धाका लागि **गणना गरिने छैन**।

**तपाईले आफ्नो मतपत्रमा चिन्ह लगाउँदा गल्ती गर्नुभयो वा आफ्नो विचार परिवर्तन गर्नुभयो भने**,

- तपाईले यसलाई आफैँ सच्याउन सक्नुहुन्छ।

- तपाईको उद्देश्यलाई बुझिन र तपाईको मतदानको सही तरिकाले गणना **आफ्नो छनोटलाई स्पष्ट पार्नुहोस्**।

तपाई आफ्नो मतपत्र सच्याउन सक्नुहुन्न भने, तपाईले निर्वाचन कार्यालयबाट प्रतिस्थापन मतपत्रका लागि अनुरोध गर्न सक्नुहुन्छ।

## आफ्नो मतपत्र फिर्ता गर्नुहोस्

**हामीलाई अमेरिकी हुलाकमार्फत आफ्नो मतपत्र पठाउनुहोस्।**

यो निर्वाचनको दिन मङ्गलवार, मे 20, 2025 का दिन वा सोभन्दा अघि पोस्टमार्क हुनुपर्छ। कुनै हुलाक आवश्यक छैन।

Oregon कुनै पनि आधिकारिक मतपत्र सङ्कलन क्षेत्रमा निर्वाचन हुने दिन मङ्गलवार, मे 20, 2025 का दिन बेलुकाको 8:00 बजे वा सोभन्दा अघि आफ्नो मतपत्र छोड्नुहोस्।

# 24 सैं घण्टा आधिकारिक मतपत्र सङ्कलन क्षेत्रहरू

### Portland

**North**

- **Rose Quarte**r - Rose Quarter को दक्षिण तर्फ फाउन्टेन र रिप सिटी (Rip City) को सङ्केत भएको स्थानमा अवस्थित - **वाक अप** मात्र।
- **James John Elementary** स्कूल (**James John Elementary School**)- 8315 N Lombard St. - आधिकारिक मतपत्र खसाल्ने बाकस ,N Lombard St. र Charleston Ave को उत्तर-पश्चिम कुनामा रहेको फुटपाथमा अवस्थित छ। - **वाक अप मात्र**
- **पौल बन्यन स्ट्याचु** (**Paul Bunyan Statue) - नयाँ** - आधिकारिक मतपत्र ड्रप बक्स N Interstate र Denver Ave को छेउमा अवस्थित छ। - **वाक अप मात्र**
- **North Portland पुस्तकालय (North Portland Library)** (पुस्तकालय पुस्तक फिर्ता) - 512 N Killingworth St.
- **पहिलेको हरियो जेब्रा किराना (Green Zebra Grocery)**- 3011 N Lombard St. - आधिकारिक मतपत्र ड्रप बक्स फुटपाथमा अवस्थित छ। **वाक अप मात्र**
- **McCoy पार्क (McCoy Park)** - N Trenton St र Newman Ave भेट हुने स्थानको नजिक McCoy पार्क (McCoy Park) को दक्षिण-पूर्व कुनामा अवस्थित - **वाक-अप मात्र।**

**Northeast**

- **Matt Dishman सामुदायिक केन्द्र (Matt Dishman Community Center)** - 77 NE Knott St. **वाक-अप मात्र।**
- **Hollywood पुस्तकालय (Hollywood Library)** (पुस्तकालय पुस्तक फिर्ता) - 4040 NE Tillamook St.
- **McDonald's रेष्टुरेन्ट (McDonald's Restaurant)** - 2010 NE César E Chávez Blvd. - आधिकारिक मतपत्र सङ्कलन बाकस NE 40th Ave. को पश्चिमतर्फ NE Tillamook St. र Hancock St. बिच र Hollywood पुस्तकालय (Hollywood Library) को नजिकै अवस्थित छ।
- **Gregory Heights पुस्तकालय** (Gregory Heights Library) (पुस्तकालय पुस्तक फिर्ता) - 7921 NE Sandy Blvd.
- **Parkrose Neighborhood** - 4390 NE 102nd Ave. - NE 102nd Ave. र Prescott St. मा MHCC Maywood Park Center बाट सडकको पारी पूर्वी पार्किङ स्थलमा अवस्थित आधिकारिक मतपत्र सङ्कलन बाकस

**Northwest**

- **Northwest पुस्तकालय** (Northwest Library) (पुस्तकालय पुस्तक फिर्ता) - 2300 NW Thurman St.

**Southeast**

- **Multnomah काउन्टी निर्वाचन (Multnomah County Elections)** - 1040 SE Morrison St.
  - **SE 11th Avenue** - आधिकारिक मतपत्र सङ्कलन बाकस SE 11th Ave को पूर्वतर्फ SE Morrison St. र Belmont St. बिचमा अवस्थित छ।
  - **SE Belmont Street** - आधिकारिक मतपत्र सङ्कलन बाकस SE Belmont St. को उत्तरी भागमा SE 10th Ave. र 11th Ave. बिचमा अवस्थित छ।
  - **1040 SE Morrison Street** - वाक/बाइक-अप आधिकारिक मतपत्र सङ्कलन क्षेत्र SE 11th Ave. र Morrison St. को कुनामा अवस्थित भवनको छेउमा रहेको स्लट छ।

- **Hawthorne Holds Pickup** (पुस्तकालय पुस्तक फिर्ता) - 3557 SE Hawthorne Blvd. - मतदाताले पुस्तक ड्रप र आन्तरिक मतपत्र ड्रप बक्स प्रयोग गर्न सक्छन्।
- **Holgate पुस्तकालय (Holgate Library)** - 7905 SE Holgate Blvd. - आधिकारिक मतपत्र सङ्कलन बाकस सम्पर्कविहीन पुस्तकालयको बाँया छ र भवनको उत्तरी छेउमा पिकअप रहेको, पार्किंग लटको नजिकै छ। **वाक-अप मात्र।**
- **Midland पुस्तकालय (Midland Library)** - 805 SE 122nd Ave. - आधिकारिक मतपत्र ड्रप बक्स भवनको दक्षिण तर्फ छेउमा पुस्तक रिटर्न स्लटको छेउमा छ। पुस्तकालय पार्किङ स्थलमा रहेको आधिकारिक मतपत्र ड्रप बक्समा पनि मतपत्रहरू जम्मा गर्न सकिन्छ।
- **Portland Mercado** - 7238 SE Foster Rd. - आधिकारिक मतपत्र ड्रप बाकस SE Foster Rd. र 72nd Ave. मा रहेको Portland Mercado को प्लाजामा अवस्थित छ। **वाक-अप मात्र**।
- **Regal Cinemas चलचित्र थिएटर / M & M कार धुने (Regal Cinemas Movie Theater / M & M Car Wash)** - SE Division St. र 165th Ave.- आधिकारिक मतपत्र खसाल्ने बाकस M & M कार धुने (M & M Car Wash) पछाडिको Regal cinemas को पार्किङ स्थलमा अवस्थित रहेको छ।
- **Rockwood पुस्तकालय (Rockwood Library)** - 17917 SE Stark St. - आधिकारिक मतपत्र ड्रप बक्स फुटपाथमा अवस्थित छ।
- **Sellwood - Moreland पुस्तकालय (Sellwood - Moreland Library)** (पुस्तकालय पुस्तक फिर्ता) - 7860 SE 13th Ave.
- **Woodstock पुस्तकालय (Woodstock Library)** - 6008 SE 49th Ave। - आधिकारिक मतपत्र ड्रप बक्स फुटपाथमा अवस्थित छ।

**Southwest**

- **A-Boy Supply** - 7365 SW Barbur Blvd.
- **Capitol Hill पुस्तकालय (Capitol Hill Library)** (पुस्तकालय पुस्तक फिर्ता) -10723 SW क्यापिटल हाइवे।
- **Hillsdale पुस्तकालय (Hillsdale Library)** (पुस्तकालय पुस्तक फिर्ता) - 1525 SW Sunset Blvd.

- **Central पुस्तकालय (Central Library)** (पुस्तकालय पुस्तक फिर्ता) - 801 SW 10th Ave. - मतपत्रहरू SW Yamhill St. र Taylor St. बीचको SW 11th Ave. मा रहेको **ड्राइभ-अप** पुस्तक ड्रपमा पनि जम्मा गर्न सकिन्छ।
- **Pioneer कोर्टहाउस स्क्वायर (Pioneer Courthouse Square)**- 700 block of SW Broadway (स्टारबक्सको छेउमा र नॉर्डस्ट्रमको अगाडि) - केवल पैदल यात्रीहरूको लागि **मात्र हो।**

### Fairview

- **Fairview-Columbia पुस्तकालय (Fairview-Columbia Library)** (पुस्तकालय पुस्तक फिर्ता) - 1520 NE Village St.

### Gresham

- **Gresham पुस्तकालय (Gresham Library)** (पुस्तकालय पुस्तक फिर्ता) - 385 NW Miller Ave. - मतपत्रहरू पनि पुस्तकालय पार्किंग लटमा अवस्थित आधिकारिक मतपत्र सङ्कलन बाकसमा जम्मा गर्न सकिन्छ।
- **मतदान केन्द्र एक्सप्रेस** (**Voting Center Express**) - सीमित समय - Multnomah काउन्टीको पूर्वीय भवन (Multnomah County East Building), 600 NE 8th St. - Multnomah काउन्टी पूर्वीय भवनको (Multnomah County East Building) पहिलो तलामा रहेको भोट हाल्ने केन्द्र एक्सप्रेस (Voting Center Express) भित्र आधिकारिक मतपेटिका अवस्थित छ। यो मतदान केन्द्र खुला हुने समयमा मात्र खुला छ। तपाईंले पार्क गर्नु पर्छ र त्यसपछि आफ्नो मतपत्र जम्मा गर्न भित्र हिंड्नु पर्छ।

### Troutdale

- **Troutdale पुस्तकालय (Troutdale Library)** (पुस्तकालय पुस्तक फिर्ता) - 2451 SW Cherry Park Rd.

# आधिकारिक मतपत्र सङ्कलन गर्ने स्थान परिवर्तन

Multnomah County पुस्तकालय (Multnomah County Library) को बन्द सम्बन्धी जानकारी लागि:https://multcolib.org/library-construction-closures मा हेर्नुहोस्।

**Oregon कुनै पनि आधिकारिक मतपत्र सङ्कलन क्षेत्रमा निर्वाचन हुने दिन मङ्गलवार, मे 20, 2025 का दिन बेलुकाको 8:00 बजे वा सोभन्दा अघि आफ्नो मतपत्र छोड्नुहोस्।**

**Multnomah काउन्टीमा आधिकारिक मतपत्र सङ्कलन स्थानहरूको सूचीका लागि, कृपया हाम्रो वेबसाइटमा जानुहोस्: www.multco.us/dropsites**

**North Portland**

**Kenton पुस्तकालय (Kenton Library)** - 8226 N Denver Ave.
*पुस्तकालय निर्माणका लागि बन्द गरिएको छ।*

यदि तपाइँ आफ्नो मतपत्र छोड्न Kenton पुस्तकालय (Kenton Library) प्रयोग गर्नुहुन्छ भने, कृपया ध्यान दिनुहोस्: सबैभन्दा नजिकको आधिकारिक मतपत्र ड्रप बाकस N Interstate Ave. र Denver Ave को चौराहेको दक्षिणपश्चिम कुनामा रहेको पौल बन्यन स्ट्याचु (Paul Bunyon Statue) मा अवस्थित छयो मत पेटिकातिर जाने बाटो हो।

**St. John's पुस्तकालय (St. John's Library)** - 7510 N Charleston Ave.
*पुस्तकालय निर्माणका लागि बन्द गरिएको छ।*

तपाईंले आफ्नो मतपत्र छोड्न St. Johns पुस्तकालय (St. Johns Library) प्रयोग गर्नुहुन्छ भने, कृपया निम्न कुरामा ध्यान दिनुहोस्: सबैभन्दा नजिकको आधिकारिक मतपत्र सङ्कलन बाकस northwest corner of N Lombard St. and N Charleston Ave मा James John इलिमेन्टरी स्कूल (James John Elementary School) (8315 N Lombard St.) को फुटपाथमा अवस्थित छ। यो मतपेटिकातिर जाने बाटो हो।

**Northeast Portland**

**Albina पुस्तकालय (Albina Library)**- 216 NE Knott St.
*पुस्तकालय निर्माणका लागि बन्द गरिएको छ।*

तपाईंले आफ्नो मतपत्र छोड्न Albina पुस्तकालय (Albina Library) प्रयोग गर्नुहुन्छ भने, कृपया निम्न कुरामा ध्यान दिनुहोस्: नजिकको आधिकारिक मतपत्र सङ्कलन बाकस Matt Dishman सामुदायिक केन्द्र (Matt Dishman Community Center) (77 NE Knott St.) बाहिर अवस्थित छ। यो वाक-अप मतपेटिका हो।

**Southeast Portland**

**Belmont पुस्तकालय (Belmont Library)** - 1038 SE César E. Chávez Blvd.
*पुस्तकालय निर्माणका लागि बन्द गरिएको छ।*

यदि तपाइँ आफ्नो मतपत्र छोड्न बेलमन्ट पुस्तकालय प्रयोग गर्नुहुन्छ भने, कृपया ध्यान दिनुहोस्: नजिकको आधिकारिक मतपत्र ड्रप बक्स हावथोर्न होल्ड्स पिकअप (Hawthorne Holds Pickup) (3557 SE Hawthorne Blvd.) भित्र अवस्थित छ। मतदाताहरूले बुक ड्रप र आन्तरिक मतपत्र ड्रप बक्स प्रयोग गर्न सक्छन्।

**Rockwood पुस्तकालय (Rockwood Library)** - 17917 SE Stark St. (आधिकारिक मतपत्र ड्रप बक्स)
*पुस्तकालय निर्माणका लागि बन्द गरिएको छ।*

चौबीसै घण्टा आधिकारिक मतपत्र ड्रप बक्स फुटपाथमा अवस्थित छ।

**Woodstock पुस्तकालय (Woodstock Library)** - 6008 SE 49th Ave. (आधिकारिक मतपत्र ड्रप बक्स)
*पुस्तकालय निर्माणका लागि बन्द गरिएको छ।*

चौबीसै घण्टा आधिकारिक मतपत्र ड्रप बक्स फुटपाथमा अवस्थित छ।

# निर्वाचनका परिभाषाहरू

विषम वर्षको मे महिनाको तेस्रो मङ्गलवार विशेष डिस्ट्रिक्ट निर्वाचन हुन्छ। मङ्गलवार, मे 20, 2025 को निर्वाचन स्कूल बोर्ड, जल वा अग्नी जिल्लाहरू जस्ता विशेष जिल्लाहरूमा बोर्ड सदस्यहरू चयन गर्न प्रयोग गरिने विशेष जिल्ला निर्वाचन हो।

**सामुदायिक कलेजको जिल्ला**

सामुदायिक कलेजहरू, कहिलेकाहीँ जुनियर कलेजहरू भनिने पोस्ट-सेकेन्डरी शिक्षा प्रदान गर्ने दुई-वर्षे विद्यालयहरू हुन्। Oregon मा हरेक सामुदायिक कलेजमा कलेजका लागि नीति सेट गर्ने निर्वाचित सामुदायिक कलेज परिषद् हुन्छ। परिषद्ले कलेजको जिल्लाका आवश्यकताहरू पूरा गर्नका लागि कार्यक्रम र सेवाहरूका विकास, नीतिहरू र बजेटको अवलम्बन गर्ने कामको निरीक्षण गर्छ।

**शिक्षा सेवाको जिल्ला**

शिक्षा सेवाको जिल्ला (Education Service District, ESD) क्षेत्रीय शिक्षा एजेन्सी हो। ESD हरूले धेरैजसो महँगो वा एकल स्थानको मागमा सीमित हुने विभिन्न स्कूल डिस्ट्रिक्टहरूलाई शैक्षिक कार्यक्रम र सेवाहरूका विस्तृत श्रङ्खला उपलब्ध गराउने काम गर्छ। Multnomah शिक्षा सेवा डिस्ट्रिक्ट (Multnomah Education Service District) Multnomah काउन्टी र यसभन्दा बाहिरका स्कूल डिस्ट्रिक्टहररूलाई क्षेत्रीय आधारमा विभिन्न प्रकारका कार्यक्रम र सेवा उपलब्ध गराउने शैक्षिक सहकारी हो।  एक निर्वाचित बोर्डले Multnomah ESD लाई नियन्त्रित गर्दछ। पाँचजना सदस्य क्षेत्र (उनीहरू बस्ने क्षेत्र) बाट छनोट हुन्छन् र दुईजना पूरा रूपमा काउन्टीबाट चयन गरिन्छन्।

**पानीको जिल्ला**

पानीको जिल्ला Oregon संशोधित विधानको अध्याय 264 अन्तर्गत संगठित क्षेत्रीय जल सेवा प्रदायक हो। पानीको जिल्लाले जिल्लाका निवासीहरूका लागि खानेपानी उपलब्ध गराउँछ। हरेक पानीको जिल्लामा बोर्डका मतदानकर्ताहरूद्वारा निर्वाचित पाँचजना बोर्डका आयुक्त हुन्छन्। बोर्ड नीति, प्रक्रिया र बजेट विकास गर्ने जिम्मेवार छ।

**आगलागीको जिल्ला**

ग्रामीण आगलागी सुरक्षा जिल्लाहरू Oregon संशोधित विधानको अध्याय 478 अन्तर्गत संगठित आगलागी सुरक्षा सेवा जिल्लाहरू हुन्। ग्रामीण आगलागी सुरक्षा जिल्लाले जिल्लाका निवासीहरूलाई आगलागी निभाउने र आपत्कालीन सेवा उपलब्ध गराउँछ। हरेक ग्रामीण आगलागी सुरक्षा जिल्लामा मतदाताहरूद्वारा निर्वाचित पाँचजना बोर्डका सदस्य हुन्छन्। बोर्ड नीति, प्रक्रिया र बजेट विकास गर्ने जिम्मेवार छ।

**माटो तथा जल संरक्षण जिल्ला**

माटो तथा जल संरक्षण जिल्ला (Soil and Water Conservation District, SWCD) कार्यक्रमले Oregon मा 45 माटो तथा जल संरक्षण जिल्लाहरूलाई सेवाहरू प्रदान गर्दछ। यी सेवाहरूमा प्राविधिक सहयोग र सीमित प्रशासनिक निरीक्षण समावेश रहेका छन्, जसको उद्देश्य भनेको SWCDs र Oregon कृषि विभाग (Oregon Department of Agriculture) दुवैका लागि दायित्वको कमि गर्नु र जोखिम न्यूनीकरण गर्नु हो।

**विद्यालयको जिल्ला**

विद्यालयका जिल्लाहरू सामुदायिक विद्यालयहरूका व्यवस्थापन गर्नका लागि जिम्मेवार छन्। सामान्यतया, विद्यालयको जिल्लामा ग्रेड स्कूल, मिडल वा जुनियर हाइ स्कूल र हाइ स्कूलहरू समावेश हुन्छन् र विद्यालयको जिल्ला बोर्डद्वारा नियन्त्रित हुन्छन्। Oregon विद्यालयका जिल्ला परिषद्हरूमा जिल्ला वा क्षेत्रद्वारा निर्वाचित बोर्डका सातजना सदस्य समावेश छन्। बोर्डका केही सदस्यहरू क्षेत्रमा रहनुपर्छ वा क्षेत्रद्वारा निर्वाचित हुनुपर्छ र केही विद्यालयका जिल्लामा मतदाताहरूद्वारा विशाल रूपमा निर्वाचित हुन्छन्।

**अवधि/म्याद समाप्त नभएको अवधि**

बोर्डका सदस्यहरूले चार वर्षको कार्यकालसम्म सेवा गर्छन्। बोर्डमा रिक्त स्थान हुन्छ भने, बाँकी रहेको 2 वर्षको म्याद नसकिएको अवधि पूरा गर्नका लागि निर्वाचन हुन सक्छ।

अझ बढी परिभाषाहरू यहाँ पाउन सकिन्छ: **https://multco.us/info/election-definitions**
**Oregon.gov/languages/pages/glossary.aspx**

# प्रस्ताव 5-305 - Scappoose आगलागी जिल्ला (Scappoose Fire District)

**Scappoose आगलागी जिल्ला (Scappoose Fire District) का लागि पाँच-वर्षे स्थानीय विकल्प शुल्क जारी राख्नुहोस्**

**प्रश्न:** के Scappoose आगलागी जिल्ला (Scappoose Fire District)ले आवश्यक मेडिकल/अग्नि नियन्त्रण कार्यका लागि प्रति $1,000 लेभी $1.99 लाई अर्को पाँच वर्षसम्म जारी राख्ने छ? यस प्रस्तावले हालको स्थानीय विकल्प करहरूलाई नवीकरण गर्दछ।

**सारांश:** प्रस्तावित उपायले Scappoose आगलागी जिल्ला (Scappoose Fire District) का लागि मूल्याङ्कन गरिएको सम्पत्ति मूल्यको प्रति $1,000 मा $1.99 को लेभी जारी राख्न खोजेको छ जसले 2027 देखि 2031 सम्मको आवश्यक सञ्चालन खर्चलाई वित्त पोषित गर्दछ। यो आय थुप्रै प्रमुख सेवाहरूका लागि महत्वपूर्ण छ, जसमा दुई एम्बुलेन्सहरूको 24/7 (दिनमा 24 घण्टा, हप्ताको 7 दिन) निरन्तर कर्मचारीहरू सहित प्रतिकार्यहरूलाई सहायता गर्ने औषधि र उपकरणहरू पर्छन्। यो कोषले अग्नि नियन्त्रकहरूको लागि NFPA मेडिकल परीक्षणको अनुपालन सुनिश्चित गर्ने छ। लेभी कोषहरू संघीय र OSHA व्यक्तिगत सुरक्षात्मक उपकरण परीक्षण आवश्यकताहरू पूरा गर्न र प्रतिस्थापन गर्न पनि प्रयोग गरिन्छ। चारवटा दमकल स्टेशनहरूको वार्षिक सुरक्षा निरीक्षण र मर्मतसम्भारको लागि कोषहरू प्रयोग गरिने छ। लेभी कोषहरू आपतकालीन सवारी साधनहरूको मर्मतसम्भार र आवश्यकता पर्दा प्रतिस्थापनको लागि NFPA र संघीय अनुपालन कायम राख्न पनि प्रयोग गरिन्छ। लेभीबाट अनुमानित आय 2027 मा $3,381,674, 2028 मा $3,483,125, 2029 मा $3,587,618, 2030 मा $3,695,247 र 2031 मा $3,920,287 हुने अनुमान गरिएको छ, जसले समुदाय सुरक्षाको लागि आवश्यक स्रोतहरू सुनिश्चित गर्दछ। अनुमानित कर लागत काउन्टी मूल्याङ्कनकर्ताको डाटामा आधारित छ र सम्भावित प्रारम्भिक भुक्तानी छुट, सङ्कुचन, र सङ्कलन दरहरूलाई विचार गर्दछ

**व्याख्यात्मक कथन:**

हाम्रो आगलागी जिल्लाद्वारा प्रदान गरिएको व्यापक आपतकालीन सेवाहरूलाई कायम राख्न र बढाउनका लागि यो प्रस्तावित कोष प्रस्ताव आवश्यक छ। यो उपायले हाम्रा आपतकालीन प्रतिक्रिया एजेन्सीहरूले सामना गर्ने धेरै महत्त्वपूर्ण समस्याहरूलाई सम्बोधन गर्दछ, जसले गर्दा हामी बासिन्दाहरूलाई प्रभावकारी हेरचाह र सहयोग प्रदान गर्न जारी राख्न सक्छौं भन्ने कुरा सुनिश्चित गर्दछ।

हाम्रो आगलागी जिल्लाले संरचना अग्नी प्रतिकार्य, डढेलोको प्रतिकार्य, समुद्री अग्नि नियन्त्रक (16 मरीनाहरूमा सेवा प्रदान गरिएको), उत्कृष्ट जीवन आधार एम्बुलेन्स सेवाहरू, सामुदायिक प्यारामेडिक कार्यक्रम, जल उद्धार र डोरीले गरिने उद्धार लगायत विस्तृत सेवाहरू प्रदान गर्दछ। यसका अतिरिक्त, हामी सामुदायिक जोखिम न्यूनीकरण गतिविधिहरूमा संलग्न हुन्छौं जसमा आगो र जीवन सुरक्षा व्यवसाय निरीक्षण, समुदायको लागि आगो निभाउने तालिम, आपतकालीन प्रतिकार्य योजना र तालिम समावेश छ। हामी स्प्रिंकलर, फायर अलार्म, र आगो र जीवन सुरक्षा योजनाहरूको समीक्षा पनि गर्छौं, र हामी स्थानीय हाई स्कूलमा शैक्षिक STEM र कलेजका कक्षाका साथै स्कूलहरूको लागि अग्नि सुरक्षा शिक्षा कार्यक्रमहरू प्रदान गर्दछौँ।

डाटाले देखाए अनुसार हाम्रो आपतकालीन प्रतिकार्य प्रणालीमा उल्लेखनीय मागहरू आउँछन्, मासिक रूपमा आउने औसत कलहरूको मात्राले 50% समय एकैसाथ धेरै आपतकालीन कलहरू हुने संकेत गर्छ। यो उच्च कलहरूको मात्राले दुई एम्बुलेन्सहरू 24 सै घण्टा उपलब्ध गराउनुपर्ने आवश्यकतालाई अझ बलियो बनाउँछ, जसले गर्दा आपतकालीन अवस्थाहरू जहिले पनि आइपरे पनि तुरुन्तै प्रतिकार्य सुनिश्चित हुन्छ।

हाल, एम्बुलेन्स बिलिङ आय घट्दै गइरहेको छ, Medicare र Medicaid बाट हाम्रो सङ्कलन दर औसतमा 40% छ। यो कमीले हाम्रो प्रतिकार्यहरूलाई सहयोग गर्न महत्वपूर्ण सेवाहरू प्रदान गर्ने र आवश्यक औषधि र उपकरणहरू खरिद गर्ने क्षमतामा आर्थिक दबाब दिन्छ। प्रस्तावित कोष सुरक्षित गर्नाले हाम्रो अर्थ स्थिर हुनेछ र हाम्रा आपतकालीन मेडिकल टोलीहरूसँग उच्च-गुणस्तरको हेरचाहको लागि आवश्यक स्रोतहरू छन् भनी सुनिश्चित गर्नेछ।

यसबाहेक, अग्नि नियन्त्रकहरूको लागि राष्ट्रिय अग्नि सुरक्षा संघ (National Fire Protection Association NFPA) को मेडिकल परीक्षण आवश्यकताहरूको अनुपालनको लागि यो कोष

महत्त्वपूर्ण छ। यी मापदण्डहरूको पालना गर्नाले हाम्रा कर्मचारीहरूको सुरक्षा र प्रभावकारिता बढ्छ जसले गर्दा हामी आपतकालीन प्रतिकार्यकर्मीहरूका उच्च अपेक्षाहरू पूरा गर्छौं भन्ने कुरा सुनिश्चित हुन्छ।

लेभी कोषले संघीय र व्यावसायिक सुरक्षा तथा स्वास्थ्य प्रशासन (Occupational Safety and Health Administration OSHA) को व्यक्तिगत सुरक्षात्मक उपकरण परीक्षण आवश्यकताहरू पूरा गर्न पनि मद्दत गर्नेछ। हाम्रा अग्नि नियन्त्रकहरूलाई सुरक्षित राख्न र सुरक्षित र प्रभावकारी रूपमा प्रतिकार्य दिनका लागि उनीहरूको तयारी कायम राख्न नियमित परीक्षण र उपकरणहरू प्रतिस्थापन आवश्यक छ।

यस बाहेक, कोषको एक हिस्साले हाम्रा चारवटा अग्नि नियन्त्रक केन्द्रहरूको वार्षिक सुरक्षा निरीक्षण र मर्मतसम्भारलाई सहयोग गर्नेछ। सञ्चालन दक्षता र हाम्रा आपतकालीन कर्मचारीहरूलाई सुरक्षित काम गर्ने वातावरण प्रदान गर्न राम्रोसँग मर्मत गरिएका सुविधाहरू महत्त्वपूर्ण छन्।

कोषको अर्को महत्त्वपूर्ण पक्ष भनेको NFPA र संघीय मापदण्डहरूको अनुपालनमा आपतकालीन सवारी साधनहरूको मर्मत र प्रतिस्थापन हुने छ। हाम्रा आपतकालीन सवारी साधनहरू सही अवस्थामा छन् भनी सुनिश्चित गर्नु हाम्रा प्रतिकार्यकर्मीहरूको सुरक्षा र हाम्रो समुदायलाई सामयिक र प्रभावकारी सेवाहरू प्रदान गर्न महत्त्वपूर्ण छ।

संक्षेपमा भन्नुपर्दा, प्रस्तावित उपाय हालको सञ्चालनलाई कायम राख्न र आपतकालीन सेवाहरूको बढ्दो माग पूरा गर्न महत्त्वपूर्ण छन्। यसले पर्याप्त एम्बुलेन्स उपलब्धता सुनिश्चित गर्न, महत्वपूर्ण सुरक्षा मापदण्डहरूको अनुपालनलाई सघाउन, महत्त्वपूर्ण उपकरण मर्मत र प्रतिस्थापनको लागि कोष प्रदान गर्न र हाम्रा सुविधाहरूको मर्मतसम्भार गर्न आवश्यक कोष प्रदान गर्नेछ। यो उपायलाई अनुमोदन गरेर बासिन्दाहरूले हाम्रो समुदायलाई उनीहरूले पाउनुपर्ने आपतकालीन हेरचाह प्राप्त गर्न सुनिश्चित गर्न मद्दत गर्नेछन्, जसले गर्दा सबै नागरिकहरूको स्वास्थ्य र सुरक्षाको रक्षा हुनेछ।

*यो जानकारी निम्नद्वारा प्रदान गरिएको हो:* Jeff Pricher, अग्नि प्रमुख, Scappoose आगलागी जिल्ला (Scappoose Fire Distric)

# मापन 26-258 - Mt. Hood सामुदायिक कलेज (Mt. Hood Community College)

**व्यावसाय सम्बन्धी शिक्षा अद्यावधिक गर्ने, सुरक्षा अभिवृद्धि गर्ने र पुराना सुविधाहरूको मर्मत गर्ने सम्बन्धी ऋणपत्र।**

**प्रश्न:** के कलेजले व्यावसायिक सुविधाहरू अद्यावधिक; पहुँच, सुरक्षाको सुधार; भवनहरू मर्मत गर्नेछ र; $136.445 मिलियन ऋणपत्र जारी गर्नेछ र आवश्यक नागरिक निरीक्षण, लेखा परीक्षण गर्नेछ?

ऋणपत्र स्वीकृत भएमा, तिनीहरू सम्पत्ति वा सम्पत्ति स्वामित्वमा लाग्ने करबाट भुक्तानीयोग्य हुनेछन् जुन Oregon संविधानको धारा 11 को खण्ड 11 र 11b सीमा अन्तर्गत पर्दैनन्।

**सारांश:** Mt. Hood सामुदायिक कलेज (Mt. Hood Community College) पूँजीगत लागत वित्तपोषण गर्न अधिकतम $136.445 मिलियनको मूलधन रकममा ऋणपत्रको लागि स्वीकृति चाहन्छ जसमा निम्न समावेश छन्:

**व्यावसाय सम्बन्धी शिक्षा सुविधाहरूको विस्तार गर्ने र बढ्दो माग पूरा गर्ने**

- नर्स, शल्यक्रिया प्राविधिकहरू, श्वासप्रश्वास थेरापिस्ट र मानसिक स्वास्थ्य परामर्शकहरू जस्ता स्वास्थ्य सेवा पेशेवरहरूलाई तालिम दिने स्वास्थ्य व्यवसाय केन्द्र सिर्जना गर्न अवस्थित ठाउँलाई पुन: प्रयोग गर्नुहोस्।
- अनलाइन र हाइब्रिड सिकाइ सेवा प्रदान गर्न कक्षाकोठाको प्रविधि पुनर्निर्माण गर्नुहोस्।

**सामुदायिक पहुँच सुधार गर्ने**

- सामुदायिक पोखरी सुधारहरू, वर्षभरि प्रयोगको लागि खोल्न/बन्द गर्न मिल्ने पोखरी कभर, पौडी खेल्ने पाठ र स्थानीय कार्यक्रमहरू जस्ता सामुदायिक प्रयोगका लागि अवसरहरू बढाउने सहित।
- **पहुँचमा वृद्धि।**

**क्याम्पसको सुरक्षा**

- सुधारिएको लकडाउन क्षमता, आगो, भूकम्पीय रेट्रोफिटहरू लगायत **सुरक्षा वृद्धि गर्ने।**

**पुरानो सुविधाहरूको मर्मत**

- **1970 को दशकको युगका भवनहरूमा छत, साइडिङ, भुइँ,** HVAC र विद्युतीय लगायतका पुराना प्रणालीहरू अद्यावधिक गर्ने।
- साइट सुधार, भत्काउने, फर्निचर, उपकरण, जारी खर्च।
- **राज्यले मिल्दो कोषमा $8 मिलियन प्रदान गर्ने अपेक्षा गरेको छ।**

ऋणपत्र धेरै श्रृंखलाहरूमा जारी गर्न सकिन्छ, जारी भएको 21 वर्ष भित्र परिपक्व हुने। प्रति $1,000 मूल्याङ्कन गरिएको मूल्यमा $0.25 लेभी दर अनुमान गरिएको छ। जारी गर्दा ब्याजदरमा परिवर्तन वा मूल्याङ्कन गरिएको सम्पत्ति मूल्यको कारणले वास्तविक लेभी दरहरू फरक हुन सक्छन्।

**व्याख्यात्मक कथन:**

सन् 1966 मा स्थापित, माउन्ट हुड सामुदायिक कलेज (Mt. Hood Community College MHCC) ले Government Camp देखि East Portland र Sandy, Corbett, Gresham, Fairview, Wood Village र Troutdaleसम्म फैलिएका 3 वटा क्याम्पसहरूमा 18,000 विद्यार्थीहरूलाई सेवा प्रदान गर्दछ।

**MHCC ले हाल हाम्रो समुदायलाई कसरी सेवा दिन्छ:**

**क्षेत्रीय आवश्यकताहरू पूरा गर्न**

विगत पाँच वर्षमा, MHCC ले लगभग 1,000 स्वास्थ्य सेवा पेशेवरहरूलाई तालिम दिएको छ र स्थानीय अस्पताल र क्लिनिकहरूमा 60,000+ विद्यार्थी स्वयंसेवाको घन्टा प्रदान गरेको छ।

**स्थानीय अर्थतन्त्रमा योगदान**

पूर्वी Multnomah र Clackamas काउन्टीहरूको स्थानीय अर्थतन्त्रमा MHCC का पूर्व विद्यार्थीहरूले वार्षिक रूपमा $350 मिलियन भन्दा बढी योगदान गर्छन्।

**हाम्रो कार्यदललाई सशक्त बनाउन**

MHCC स्वास्थ्य सेवा, आपतकालीन प्रतिक्रिया, शिक्षा, दक्ष व्यापार, साना व्यवसाय र थप अन्य क्षेत्रमा रोजगार तालिम, सहयोग प्रदायक हो।

**वित्तीय व्यवस्थापन**
पारदर्शिता प्रमाणित गर्ने वार्षिक व्यापक वित्तीय प्रतिवेदनहरू तयार गर्ने सरकारी वित्तीय अधिकारीहरूको संघ (Government Financial Officers Association) को ट्रिपल क्राउन पुरस्कार प्राप्त गर्ने एक मात्र Oregon सार्वजनिक कलेजको रूपमा MHCC करदाता डलरको जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न प्रतिबद्ध छ।

**कलेज सुविधाहरू सुधार र विस्तार गर्न सामुदायिक सहयोग चाहन्छ**

MHCC शिक्षा बोर्ड (MHCC Board of Education)ले महत्वपूर्ण पूँजी आवश्यकताहरूलाई सम्बोधन गर्न, व्यावसाय तालिमका अवसरहरू विस्तार गर्न र क्याम्पसका पूर्वाधार सुधार गर्न $136.445 मिलियनको सामान्य दायित्व ऋणपत्रको मतदाता स्वीकृति खोजिरहेको छ।

**उपलब्ध राज्यसँग मिल्ने कोष**

MHCC ले Oregon राज्यबाट लागत कम गर्न कम्तीमा $8 मिलियन बराबरको मिल्ने कोष प्राप्त गर्ने अपेक्षा गरेको छ। यी कोषहरू यो ऋणपत्र पारित भएपछि मात्र उपलब्ध हुनेछन्।

**कलेजले यो उपाय किन प्रस्ताव गरिरहेको छ?**

MHCC ले शैक्षिक सुविधाहरू सुधार गर्न, व्यावसाय सम्बन्धी तालिम विस्तार गर्न र क्याम्पसको सुरक्षा बढाउने मुख्य प्राथमिकताहरू पहिचान गरेको छ:

**व्यावसाय सम्बन्धी शिक्षा सुविधाहरूको विस्तार र कार्यदलको माग पूरा गर्ने**

- **स्वास्थ्य व्यवसाय केन्द्र (Center for Health Professions)** निर्माण गर्न नर्स, शल्यक्रिया प्राविधिकहरू, श्वासप्रश्वास थेरापिस्ट र मानसिक स्वास्थ्य परामर्शकहरू जस्ता स्वास्थ्य सेवा पेशेवरहरूलाई तालिम दिन अवस्थित ठाउँहरूलाई पुन: प्रयोग गर्ने।
- अनलाइन र हाइब्रिड सिकाइलाई अभिवृद्धि गर्न कक्षाकोठाको प्रविधिको स्तरोन्नति गर्ने।

**सामुदायिक पहुँच सुधार गर्ने**

- **वर्षभरि प्रयोगको लागि** खोल्न/बन्द गर्न मिल्ने पूल कभर लगायत सामुदायिक पूलमा सुधार, पौडी सम्बन्धी कक्षा र स्थानीय कार्यक्रमहरू जस्ता सामुदायिक प्रयोगका अवसरहरू बढाउने।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि क्याम्पसको पहुँचमा सुधार गर्ने।

**क्याम्पसमा सुरक्षा बढाउने**

- विद्यार्थी र कर्मचारीहरूलाई सुरक्षा दिन **लकडाउन क्षमताहरू**, अग्नि सुरक्षा प्रणालीहरू, र भूकम्पीय रेट्रोफिटहरू लगायतका सुरक्षा उपायहरूको स्तरोन्नति गर्ने।

**पुरानो सुविधाहरूको मर्मत र स्तरोन्नति**

- **1970 को दशकका भवनहरूमा** छत, साइडिङ, भुइँ, तताउने, भेन्टिलेसन, एयर कन्डिसनिङ (heating, ventilation, air conditioning HVAC) र विद्युतीय प्रणालीहरूको मर्मत लगायतका पूर्वाधार सम्बनधी आवश्यकताहरूलाई सम्बोधन गर्ने।

**यस ऋणपत्रले समेट्ने थप पूँजीगत लागतहरूमा निम्न पर्छन्:**

- स्थल सुधार, भत्काउने, फर्निचर र उपकरण।
- ऋणपत्र जारी गर्न सम्बन्धित खर्चहरू।

**सामुदायिक निरीक्षण र कोषको प्रयोग**

यो उपाय पारित भयो भने, MHCC शिक्षा बोर्ड (MHCC Board of Education) ले सबै कोष मतदाता-अनुमोदित परियोजनाहरूमा प्रयोग भएको सुनिश्चित गर्न ऋणपत्रको कार्यान्वयनको निरीक्षण गर्नेछ। स्वतन्त्र निरीक्षण समितिले थप जवाफदेहिता र पारदर्शिता प्रदान गर्नेछ।

**ऋणपत्रका कोषहरू मतदाता-अनुमोदित परियोजनाका लागि मात्र प्रयोग गर्न सकिन्छ**

कानून अनुसार, ऋणपत्र कोषहरू यस मापनमा उल्लिखित पूँजी सुधारहरूमा मात्र खर्च गर्न सकिन्छ। कोष कर्मचारीको तलब वा सञ्चालन खर्चको लागि प्रयोग गर्न **सकिँदैन।**

**वित्तीय प्रभाव**

- ऋणपत्र एक वा बढी शृङ्खलामा जारी गरिनेछन् र जारी भएको **21 वर्ष** भित्र परिपक्व हुनेछन्।
- अनुमानित लेभी दर: **मूल्याङ्कन गरिएको सम्पत्ति मूल्यको प्रति $1,000 मा $0.25**।
- वास्तविक कर दर ब्याज दर र मूल्याङ्कन गरिएको सम्पत्ति मूल्यको आधारमा फरक हुन सक्छ।

*यो जानकारी निम्नद्वारा प्रदान गरिएको हो:* Jennifer DeMent, उपाध्यक्ष, वित्त तथा प्रशासन ; Mt. Hood सामुदायिक कलेज (Mt. Hood Community College)

# प्रस्ताव 26-259 - Portland स्कुल जिल्ला 1J (Portland School District 1J)

**स्वास्थ्य, सुरक्षा र सिकाइ सुधार गर्ने ; स्कुलहरूको आधुनिकीकरण र मर्मत गर्ने सम्बन्धी ऋणपत्र**

**प्रश्न:** के Portland पब्लिक स्कुलहरू (Portland Public Schools) ले हालको कर दर कायम राख्न अनुमानित ऋणपत्र जारी गरेर स्कुलहरूको मर्मत, आधुनिकीकरण; स्वास्थ्य, सुरक्षा बढाउने छन्?

ऋणपत्र स्वीकृत भएमा, तिनीहरू सम्पत्ति वा सम्पत्ति स्वामित्वमा लाग्ने करबाट भुक्तानीयोग्य हुनेछन् जुन Oregon संविधानको धारा 11 को खण्ड 11 र 11b सीमा अन्तर्गत पर्दैनन्।

**सारांश:** यस प्रस्तावले सुविधा र शिक्षा लगानीका लागि सामान्य दायित्व ऋणपत्रको मूल रकममा $1.83 बिलियन सम्मको अनुमति दिन्छ।

स्वीकृत भएमा, यस प्रस्तावले पूँजीगत लागतलाई वित्तपोषण गर्नेछ, जसमा निम्न समावेश छन्:

**पुराना प्राथमिक र माध्यमिक स्कुलहरूको अपडेट र मर्मत:**
- छाना, साइडिङ, तताउने/चिस्याउने लगायत प्रमुख भवन प्रणालीहरू अपडेट गर्ने/फेर्ने

**स्कुलहरूलाई सुरक्षित बनाउने:**
- सुरक्षा प्रणालीहरू अद्यावधिक गर्ने
- भूकम्पीय स्तरोन्नतिहरू

**शैक्षिक सामग्री, प्रविधि र स्कुलहरूको आधुनिकीकरण र सुधार गर्ने:**
- Cleveland,, Ida B. Wells (पहिले Wilson) लगायतका स्कुलहरूको मर्मत/प्रतिस्थापन गर्ने

- विद्यार्थी उपकरणहरू लगायत पाठ्यक्रम सामग्री, प्रविधिको स्तरोन्नति गर्ने

**अतिरिक्त अवसरहरू बढाउने:**

- हाई स्कुल एथलेटिक सुविधाहरूको स्तरोन्नति/विस्तार गर्ने; Jackson, Marshall मा जिल्लाव्यापी एथलेटिक केन्द्रहरू सिर्जना गर्ने
- उच्च माध्यमिक स्कुलको प्रदर्शन कला/नाटक सुविधाहरू अद्यावधिक गर्ने

आवश्यक समुदायको जवाफदेहिता/निरीक्षण; परियोजना र खर्चको स्वतन्त्र लेखापरीक्षण

ऋणपत्र एक वा बढी शृङ्खलाहरूमा जारी गर्न सकिन्छ, प्रत्येक शृङ्खला 30 वर्ष वा सोभन्दा कम समयमा परिपक्व हुन्छ।

घट्दो ऋण सेवाका कारण, यस प्रस्ताव PPS को ऋणपत्र कर दर $2.50/$1,000 मूल्याङ्कन गरिएको मूल्यभन्दा माथि बढाउने अपेक्षा गरिएको छैन, जुन दर 2017 को ऋणपत्रदेखि नै लक्षित गरिएको छ। वास्तविक दर ब्याज दर र मूल्याङ्कन गरिएको मूल्यमा परिवर्तनको आधारमा फरक हुन सक्छन्।

**व्याख्यात्मक कथन:**

स्वीकृत भएको खण्डमा यो प्रस्तावले Portland पब्लिक स्कुलहरू (Portland Public Schools)का सुरक्षा जोखिमहरूलाई सम्बोधन गर्न र असफल पूर्वाधारहरू समाधान गर्न ठूलो मात्रामा मर्मत र प्रतिस्थापनको आवश्यकता परेका स्कुलहरूलाई प्राथमिकता दिन जारी राख्न अनुमति दिने छ।

यस प्रस्तावले कर दर 2017 ऋणपत्रले लक्षित गरेको स्तरभन्दा माथि बढाउने अपेक्षा गरिएको छैन।

2012, 2017 र 2020 मा, मतदाताहरूले Portland पब्लिक स्कुलहरू (Portland Public Schools)का थुप्रै पुराना भवनहरूमा सुधार गर्न कोष जुटाउने पूँजी ऋणपत्र अनुमोदन गरे जसले विद्यार्थीहरूलाई सिक्नको लागि आधुनिक र सुरक्षित ठाउँहरूको सिर्जना गर्‍यो।

2012 देखि, ऋणपत्र कार्यक्रमले आठ वटा स्कुलहरूलाई पूर्ण रूपमा आधुनिकीकरण गरिसकेको छ जसमध्ये थप तीन स्कुलहरूको डिजाइन भइरहेको छ। यसका अतिरिक्त, ऋणपत्र कार्यक्रमले जिल्लाटभरिका प्रत्येक स्कुलमा केही पूर्वाधार आवश्यकताहरूलाई सम्बोधन गरेको छ।

पहिलेका लगानीहरूमा निम्न समावेश छन्:

- Roosevelt, McDaniel, Franklin, Grant, Benson, र Lincoln उच्च माध्यमिक स्कुल्हरू (Roosevelt, McDaniel, Franklin, Grant, Benson and Lincoln High Schools) , Kellogg माध्यमिक स्कुल (Kellog Middle School), Faubion PK-8, र मल्टिपल पाथवेज टु ग्रेजुएशन (Multiple Pathways to Graduation) भवन पूर्ण रूपमा आधुनिकीकरण गरिएको थियो।

- Jefferson, Ida B. Wells, र Cleveland उच्च माध्यमिक स्कुल्हरू (Jefferson, Ida B. Wells and Cleveland High Schools) को पूर्ण आधुनिकीकरणको डिजाइनमा छन्।

- निम्न लगायतका स्वास्थ्य तथा सुरक्षा सुधारहरू:
  - लिड कम गर्न र पानीको गुणस्तर सुधार गर्न प्लम्बिङ प्रतिस्थापन गर्ने;
  - खुला लिडको रंग र एस्बेस्टोस हटाउने वा समेट्ने;
  - फायर अलार्म र स्प्रिङ्कलर प्रणालीहरूको स्तरोन्नति;
  - चुहिने वा समस्याग्रस्त छाना मर्मत वा प्रतिस्थापन गर्ने;
  - रेडोनको जोखिम कम गर्ने;
  - स्कुलको सुरक्षा व्यवस्था सुधार गर्ने।

- निम्न लगायतका शैक्षिक सुधारहरू:
  - विज्ञान प्रयोगशालाहरूको स्तरोन्नति;
  - प्रविधि सुधार;
  - नयाँ पाठ्यक्रम सामग्रीहरू।

- अपाङ्गता भएका बालबालिका र वयस्कहरूका लागि पहुँचमा सुधार।

**<u>प्रस्तावित 2025 ऋणपत्र कोषले को भुक्तानी समेट्ने छ?</u>**

स्वीकृत भएमा, ऋणपत्र कोषले जिल्लाटभरका स्कुलहरूमा थप भवन, स्वास्थ्य, सुरक्षा र सिकाइ आवश्यकताहरूलाई सम्बोधन गर्दै दीर्घकालीन रूपमा हाम्रा सबै स्कुलहरूमा सुधार गरेर सुविधा आवश्यकताहरूलाई व्यापक रूपमा सम्बोधन गर्ने PPS को योजनालाई निरन्तरता दिनेछ।

स्वीकृत भएमा, ऋणपत्र कोषहरूले निम्न कार्य गर्नेछन्:

**पुराना प्राथमिक र माध्यमिक स्कुलहरूको अद्यावधिक र मर्मत गर्ने:**

- चुहिने वा समस्याग्रस्त स्कुलको छाना, मेकानिकल प्रणाली (तताउने र चिस्याउने), र अन्य भवन मर्मतहरू अद्यावधिक वा प्रतिस्थापन गर्ने

**स्कुलहरूलाई सुरक्षित बनाउने:**

- सुरक्षा प्रणालीहरू अद्यावधिक गर्ने - अतिरिक्त क्यामेरा, विद्यार्थी र कर्मचारीहरूको सुरक्षाको लागि बार लगाउने लगायत
- भूकम्पीय स्तरोन्नतिहरू

**शैक्षिक सामग्री, प्रविधि र स्कुलहरूको आधुनिकीकरण र सुधार गर्ने:**

- Cleveland र Ida B. Wells हाई स्कुलहरूको (Cleveland and Ida B. Wells High Schools) (पहिले Wilson) मर्मत/प्रतिस्थापन गर्ने
- प्राथमिक र माध्यमिक स्कुलहरूको अद्यावधिक/मर्मत गर्न कुनै पनि उच्च माध्यमिक स्कुल सुधार गर्ने बचत उपयोग गर्ने
- मुख्य र पूरक विषय क्षेत्रहरूमा व्यापक, सांस्कृतिक रूपमा सान्दर्भिक, र वर्तमान पाठ्यक्रम सामग्रीहरू प्रदान गर्ने
- कक्षाकोठाको सिकाइमा समान पहुँच प्रदान गर्न विद्यार्थीका ट्याब्लेट र ल्यापटपहरू प्रतिस्थापन वा प्रदान गर्ने र कक्षाकोठा र जिल्लाटको प्रविधि अद्यावधिक गर्ने.

**अतिरिक्त अवसरहरू बढाउने:**

- Roosevelt, Lincoln, Franklin र Grant का लागि आवश्यक सुधारहरू सहित एथलेटिक सुविधाहरूको स्तरोन्नति गर्नुहोस् र Jackson मिडल स्कुल (Jackson Middle School) र Marshall क्याम्पसमा एथलेटिक केन्द्र सुविधाहरू सिर्जना गर्ने।
- उच्च माध्यमिक स्कुलले प्रदर्शन गर्ने कला/नाटक सुविधाहरू अद्यावधिक गर्ने।

**ऋणपत्रको मूल्य कति हुनेछ?**

विद्यमान ऋणपत्रको कर दर घट्ने तालिका भएकोले PPS को ऋणपत्र कर दर प्रति $1,000 मूल्याङ्कन गरिएको मूल्यको $2.50 को अघिल्लो अनुमानभन्दा बढी हुने अपेक्षा गरिएको छैन। यस प्रस्तावद्वारा अधिकृत ऋणपत्रको कुल मूलधन रकम $1.83 बिलियन भन्दा बढी हुन सक्दैन।

**निरीक्षण र जवाफदेहिता**

समुदायका सदस्यहरू रहेको स्वतन्त्र समूहले निर्माण सम्पन्न नभएसम्म जनतालाई जवाफदेहिता प्रदान गर्न ऋणपत्रको डलर कसरी खर्च भइरहेको छ भन्ने त्रैमासिक रिपोर्ट र लेखापरीक्षणको समीक्षा गर्नेछ।

*यो जानकारी निम्नद्वारा प्रदान गरिएको हो:* डा. Kimberlee Armstrong, सुपरिटेन्डेन्ट
Portland पब्लिक स्कुल्स (Portland Public Schools)